**माछापुच्छ्रे गाउँपालिका**

# स्थानीय राजपत्र

खण्ड : ०४ संख्या : ०४ मिति : २०७७।०७।०६

भाग २

माछापुच्छ्रे गाउँपालिका

**रसायनिक मल निर्देशिका, २०७७**

**सम्बत् २०७७ सालको निर्देशिका १**

# माछापच्छे गाउँपालिकाको रसायनिक मल निर्देशिका, २०७७

**प्रस्तावनाः**

माछापुच्छे गाउँपालिका अन्तर्गतका रसायनिक मल व्यबसायिलाई व्यबस्थापन गर्नका लागि माछापुच्छे गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम यो निर्देशिका बनाउन बाञ्छनिय भएकाले यो निर्देशिका जारी गरेको छ।

**गाउँ कार्यपालिकाको मिति २०७७ कार्तिक ०४ गतेको बैठकबाट स्वीकृत।**

## परिच्छेद-१
## प्रारम्भिक

१. **नाम र प्रारम्भ :** (१) यस निर्देशिकाको नाम "माछापच्छे गाउँपालिकाको रसायनिक मल निर्देशिका, २०७७" रहेको छ ।

(२) यो निर्देशिका स्थानिय राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा -

(क) "ऐन" भन्नाले आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन, २०१७ सम्झनु पर्दछ।

(ख) "आदेश" भन्नाले रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ र रासायनिक मल (नियन्त्रण) (पहिलो संसोधन) आदेश, २०५७ सम्झनु पर्दछ ।

(ग) "मन्त्रालय" भन्नाले नेपाल सरकार, भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले यस माछापुच्छे गाउँपालिका सम्झनु पर्दछ ।

(ङ) "इकाइ" भन्नाले भुमि ब्यवस्था कृषि तथा सहकारी मन्त्रालय, अनुगमन तथा मूल्याङ्कन महाशाखा अन्तर्गत रहेको रासायनिक मल इकाईलाई सम्झनु पर्दछ।

(च) "निरिक्षक" भन्नाले गाउँपालिका भित्र रसायनिक मल बिक्रिवितरण गर्दा कुनै व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेन्टले ऐन वा यस आदेशको विपरीत कुनै काम कारबाही गरेको छ छैन निरिक्षण गर्ने ब्यक्तीलाई बुझाउछ।

## परिच्छेद-२
## रासायनिक मल बिक्रेताहरुको इजाजत पत्र दर्ता तथा नविकरण सम्बन्धि व्यवस्था

३. **इजाजत पत्रका लागि आवेदन दिनुपर्ने :** (१) यस गाउँपालिका भित्र रासायनिक मलको थोक तथा खुद्रा बिक्री वितरण गर्न चाहने व्यबसायी संस्थाले आफ्नो नाम दर्ता गराउन निर्देशिकाको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दस्तुर बापत रु. १००।- गाउँपालिकाको राजस्व खातामा दाखिला गरेको भौचर सहित यस गाउँपालिका कार्यालयसमक्ष निवेदन दिनुपर्नेछ।

(२) यस अघि जिल्ला कृषि विकास कार्यालयमा दर्ता गराई सकेकाहरुले समेत यस निर्देशिका लागु भएपछि यस निर्देशिका अनुरुप दर्ता गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम रासायनिक मल बिक्रेताको दर्ताको लागि निवेदन दिने "व्यक्ति" नेपाली नागरीक र साधारण लेखपढ गर्नजान्ने हुनु पर्नेछ ।

**४. दर्ता तथा इजाजत पत्रको प्रमाण पत्र :** (१) निवेदन प्राप्त भएपछि ७ कार्य दिनभित्र गाउँपालिकाको कार्यालयमा व्यबसाय दर्ता गरिसकेपछि मात्र गाउँपालिकाले अनुसूची-२ बमोजिमको ढाँचामा रासायनिक मल बिक्रेताको इजाजत पत्र दिनुपर्नेछ।तर दर्ता गर्न नसकिने कुनै कारणहरु भए सो व्यहोरा खुलाई लिखित जानकारी निवेदकलाई दिनु पर्नेछ।जिल्ला कृषि विकास कार्यलयमा दर्ता भएका ब्यबसायिले पुनः यस निर्देसिका अनुसार दर्ता गरेपछिमात्र करोबार गर्न इजाजत दिइनेछ।

(२) दर्ता भएका रासायनिक मल बिक्रेताहरुको विवरण गाउँपालिकाको कार्यालयले अनुसूची-३ बमोजिमको ढाँचामा सम्बन्धित भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय,कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरबार र कृषि सामाग्री कम्पनी लिमिटेड, काठमाण्डौंलाई पठाउनु पर्नेछ।

(३) बिक्रेताहरुले गाउँपालिकाको कार्यालयमा दर्ता गराए पश्चात रासायनिक मल खरिद सम्बन्धमा बिक्रेता स्वयंले पैठारीकर्तासँग समन्वय राखी व्यवस्थापन गर्नुपर्नेछ। बिक्रेताहरुलाई रासायनिक मल उपलब्ध गराउने जिम्मेवारी दर्ता गर्ने कार्यालयको हुने छैन।

(४) बिक्रेताहरुले रासायनिक मलको मूल्य सूची तथा मलको विवरण (किसिम र श्रोत) सबैले देख्ने ठाउँमा टाँग्नु पर्नेछ।

**५. रासायनिक मलको कारोबारको स्थिति पेश गर्नुपर्ने :** गाउँपालिकामा दर्ता भएका सबै बिक्रेताहरुले आ-आफ्नो चौमासिक कारोबारको स्थिति अनुसूची-४ बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि शाखा समक्ष पेश गर्नु पर्नेछ ।

**६. दर्ता नविकरण सम्बन्धमा :** (१) दफा छ बमोजिमको प्रमाणपत्रको अवधि १ बर्षको हुनेछ । दर्ता भएका बिक्रेताहरुले यस्तो प्रमाणपत्र सुरक्षित साथ सबैले देख्ने ठाँउमा टाँग्नु पर्नेछ । बिक्रेताहरुले दर्ताको म्याद भुक्तान हुनुभन्दा कम्तिमा पैंतिस दिन अगावै रु. ५००।- नविकरण दस्तुर बापत गाउँपालिकाको राजस्व खातामा दाखिला गरी सो को बैंक भौचर सहित बिक्रेताको प्रमाणपत्रको नविकरण गराउन गाउँपालिकाको कृषि शाखामा अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम नविकरणको लागि निवेदन परेमा गाउँपालिकाको कृषि शाखाले बिक्रेताले देहायका शर्तहरु पालना गरेको अवस्थामा ७ कार्य दिनभित्र बिक्रेताको प्रमाणपत्र नविकरण गरी दिनुपर्नेछ।

(क) अनुसूची-४ बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि शाखामा नियमित रुपमा चौमासिक कारोबारको स्थिति, प्रगति पेश गर्ने गरेको।

(ख) अनाधिकृत श्रोतहरुबाट प्राप्त रासायनिक मल बिक्री वितरण गर्ने गरेको वा न्यूनस्तरको रासायनिक मल बिक्री वितरण गरेको सम्बन्धमा कार्यबाहीमा नपरेको।

(३) नविकरणको अवधि ज्ञ बर्षको हुनेछ।

(४) उपदफा (१) मा तोकिएको म्यादभित्र नविकरण नगराएमा विक्रेताले प्रमाणपत्रको म्याद समाप्त भएको मितिले तीस दिनभित्र नवीकरण गराउन चाहेमा नवीकरण दस्तुर वापत डण्ण रुपैयाँ राजस्व दाखिला गरी सोको निस्सा सहित अनुसूची-५ बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि शाखाको कार्यालय समक्ष निवेदन दिनुपर्नेछ।

(४क) उपदफा (४) बमोजिमको म्याद समाप्त भएपछि कुनै विक्रेता प्रमाणपत्र नवीकरण गराउन आएमा पहिलो एक वर्ष सम्मको लागि ज्ञण्ण रुपियाँको जरिवाना र त्यसपछि जतिसुकै समय भएतापनि प्रत्येक वर्षका लागि ज्ञछ्ण्ण रुपियाँका दरले जरिवाना र नवीकरण दस्तुर वापत दुई सय रुपैयाँ समेत राजस्व दाखिला गरी सोको निस्सा सहित अनुसूची-५ बमोजिमको ढाँचामा गाउँपालिकाको कृषि शाखाको कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपदफा (४) र (४क) बमोजिम नविकरणका लागि निवेदन दिने बिक्रेताहरुले दर्ताको प्रमाणपत्रको अवधि समाप्त भएपछि पुन: नविकरण नभएसम्म रासायनिक मल बिक्री वितरण गर्न पाईने छैन।

७. **दर्ता खारेजी :** (१) न्यूनस्तरको रासायनिक मल बिक्री वितरण गरेको पाएमा निरिक्षकले बिक्रेताकाको दर्ता खारेजीको लागि गाउँपालिकाको कृषि शाखा समक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ। दर्ता खारेजीको सम्बन्धमा निर्णय गर्नु अगाडी बिक्रेतालाई आफ्नो स्पष्टीकरण दिने अवसर प्रदान गर्नु पर्नेछ।

(२) दर्ता खारेजी सम्बन्धमा गाउँपालिकाको कृषि शाखाको कार्यालयको निर्णयमा चित्त नबुझे सम्बन्धित बिक्रेताले सम्बन्धित आर्थिक बिकास समिति समक्ष पुनरावेदन गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम पुनरावेदनमा सम्बन्धित आर्थिक बिकास समितिको निर्णय अन्तिम हुनेछ ।

(४) न्यूनस्तरको रासायनिक मल बिक्री गरेको बापतमा बिक्रेताको दर्ता खारेजी हुँदैमा ऐन बमोजिम हुने अन्य सजाय तथा कार्यबाहीलाई असर पार्ने छैन ।

८. **निरिक्षकको काम कर्तव्य र अधिकार :** रासायनिक मलको बजार तथा आपुर्ति व्यवस्थाको नियमित अनुगमन गरी गुणस्तरयुक्त रासायनिक मल किसानलाई उपलब्ध गराउने प्रयोजनको लागि निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) रासायनिक मलको उत्पादन, पैठारी वा बिक्री वितरण नियमित र नियन्त्रण गर्ने।

(ख) रासायनिक मलको उत्पादन, सम्मिश्रण, बिक्री वितरण वा संचय हुने स्थानमा

कुनै पनि मनासिब समयमा प्रवेश गरी रासायनिक मल वा रासायनिक मल उत्पादन वा सम्मिश्रण गर्न प्रयोग गरिने वस्तु वा अन्य सम्बन्धित वस्तुको बिना मुल्य नमुना लिने।

(ग) रासायनिक मलको उत्पादन, पैठारी, बिक्री वितरण वा संचिति सम्बन्धी कूनै अभिलेख, विवरण वा कागजात सम्बन्धित उत्पादक, पैठारीकर्ता तथा डिलरबाट दाखिला गराउने वा प्रतिलिपि लिने ।

(घ) कुनै व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेन्टले ऐन वा यस आदेशको विपरीत कुनै काम कारबाही गरेको छ भन्ने उजुरी वा सूचना प्राप्त भएमा त्यसको छानविन गर्ने ।

९. **कार्याविधिको व्याखा :** यो निर्देशिकाको अन्तिम व्याखा कार्यपालिकाले गर्नेछ ।

१०. **कार्यविधि संशोधन :** यो निर्देशिकाका प्रावधानहरुमा कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ ।

११. **बाधा अडचन फुकाउ :** स्थानिय सरकार संचालन ऐन,द्दण्ठद्ध तथा यस कार्यविधिमा व्यबस्था भए वाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा त्यस्तो निर्णय कार्यपालिकाले गर्नेछ ।

**अनुसूची -१**

**दफा ३ को (१) सँग सम्बन्धित**

रासायनिक मल बिक्री वितरणको लागि दर्ता गर्न गाउँपालिकाको कृषि शाखामा पेश गर्नुपर्ने निवेदन र विवरणको ढाँचा

मिति:...............

श्रीमान् प्रमुखज्यू,

बिषय : रासायनिक मल बिक्रेताहरुको सूचीमा दर्ता गराई पाउँ भन्ने बारे ।

मैले/मेरो फर्म/संस्थाले हाल यस जिल्लामा रासायनिक मल खरिद बिक्री कार्य गर्दै आएको/शुरु गर्ने भएको हुँदा संलग्न विवरणहरु सहित रासायनिक मल बिक्रेताको रजिष्ट्रेशनका लागि अनुरोध गर्दछु।

निवेदक,

नाम:

सहि:

रासायनिक मलको थोक तथा खुद्रा बिक्री वितरण गर्न चाहने व्यक्ति वा संस्था वा त्यस्तो व्यक्ति वा संस्थाको एजेण्टले आफ्नो नाम दर्ता गराउनका लागि विवरण भर्नुपर्ने फारमको ढाँचा

१. फर्म वा संस्थाको नाम:

२. स्थापना मिति:

३. प्रोपाईटर वा प्रमुख व्यक्तिको नाम (अध्यक्ष, प्रबन्धक आदि)

४. नागरिकता व्यक्तिको हकमा

५. संस्था रहेको ठाउँको ठेगाना: जिल्ला, गाउँपलिका वा टोलको नाम, वडा न:

६. संस्थाको किसिम (चिन्ह लगाउने) निजि/साझेदारी/अर्धसरकारी/सरकारी

७. रासायनिक मल बिक्री वितरण शुरु गरेको बर्ष/मिति

८. यस अघि कुनै सरकारी निकायमा पहिले रजिष्ट्रेशन (दर्ता) गराएको भए, त्यसको,

  क) दर्ता मिति:

  ख) दर्ता गर्ने कार्यालयको नाम:

  ग) दर्ता नम्बर:

  घ) कारोबारको किसिम:

९.कारोबारको किसिम (हालको) चिन्ह लगाउने:

क) रासायनिक मल मात्र

ख) रासायनिक मल र बाली संरक्षण बिषादी

ग) रासायनिक मल, बाली संरक्षण बिषादी र कृषि औजार

घ) रासायनिक मल, बाली संरक्षण विषादी र किराना सामान समेत

१०. गोदाम व्यवस्था: भए/नभएको

११. हाल बिक्री वितरण गर्ने गरेको रासायनिक मलहरुको नाम (चिन्ह लगाउने)

(क) यूरिया

(ख) डि.ए.पी.

(ग) पोटास

(घ) एमोनियम सल्फेट

(ङ) अन्य कुनै भए त्यसको नाम दिने

१२. हाल रासायनिक मलहरु कहाँबाट र कोबाट खरिद गरी ल्याउने गर्नु भएको छ:
नाम र ठेगाना:

निवेदकको नाम:

दस्तखत:

**अनुसूची-२**

**दफा ४ (१) सँग सम्बन्धित**

रासायनिक मल बिक्रेताहरुको रजिष्ट्रेशन गरेपछि गाउँपालिकाले सम्बन्धित बिक्रेतालाई दिने रजिष्ट्रेशन प्रमाण पत्रको ढाँचा

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय,
कृषि शाखा
लाहाचोक, कास्की

मितिः...............

श्री ..........................................
(व्यक्ति, फर्म वा संस्थाको नाम)

बिषय : रासायनिक मल बिक्रेताको सूचीमा दर्ता गरिएको ।

तपाईले यस कार्यालयमा रासायनिक मल बिक्रेताको सूचीमा दर्ता गर्ने मिति...........................मा दिनु भएको निवेदन अनुसार यस गाउँपालिकामा रासायनिक मलको बिक्रेताहरुको सूचीमा प्रचलित नियम कानुनको परिधि भित्र रहि आधिकारिक श्रोतबाट मात्र रासायनिक मलको कारोबार गर्ने शर्तमा तपाईको त्यस फर्म/संस्थाको नाम समावेश गराई काम गर्न इजाजत दिइएको व्यहोरा सहर्ष जानकारी गराउँदछौं ।यसै साथ संलग्न ढाँचाबमोजिम आफ्नो कारोबारको चौमासिक प्रगति स्थिति यस कार्यालयमा पेश गर्नुहुन समेत अनुरोध गरिन्छ ।

हस्ताक्षरः
नामः
पदः
मितिः

नविकरण सम्बन्धमा

फर्म वा संस्थाको नामः

| नविकरण गरेको मिति | म्याद पुग्ने मिति | नविकरण गर्ने अधिकृतको सहि | कार्यालयको छाप | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

# अनुसूची-३
## दफा ४ (२) सँग सम्बन्धित

(दर्ता गरिएका रासायनिक मल बिक्रेताहरुको लगत बनाउने फर्मेटको नमूना)

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यलय
कृषि शाखा
लहाचोक, कास्की

| दर्ता नं | प्रोपाईटर वा आधिकारिक व्यक्तिको नाम | गा.पा मा दर्ता मिति | रसायनिक मल कारोबारमा संलग्न डिलर, फर्म वा संस्थाको | | | | किसिम (निजि सरकारी, अर्ध सरकारी) | रसायनिक मल कारोबारमा संलग्न भएको मिति | रसायनिक मल बाहेक बिषादी पनि बिक्री वितरण गर्ने गरेको छ/छैन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | नाम | यस अघि कुनै कार्यालयमा दर्ता भैसकेको भए दर्ता गर्ने कार्यालयको नाम | ठेगना | स्थापना मिति | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

तयार गर्नेको नाम:
पद:
दस्तखत:
मिति:

प्रमाणित गर्ने:
पद:
दस्तखत:
मिति:

## अनुसूची - ४
## दफा ५ सँग सम्बन्धित

बिक्रेताहरुले पेश गर्नुपर्ने रासयनिक मल कारोबारको चौमासिक प्रगति प्रतिवेदनको ढाँचा

माछापुच्छ्रे गाउँपालिका
गाउँकार्यपालिकाको कार्यलय
कृषि शाखा
लहाचोक, कास्की
बिक्रेता/ संस्थाको नामः
ठेगनाः

| क्र.स | विवरण | परिमाण संख्या ५० के.जी. बोरा | कैफियत |
|---|---|---|---|
| 1. | गत चौमासिकको मौज्दात | | |
| | 1.1 यूरिया | | |
| | 1.2 डि.ए.पि | | |
| | 1.3 पोटास | | |
| | 1.4 अन्य | | |
| 2. | यस चौमासिकको खरिद | | कुन संस्था / व्यत्तिबाट खरिद गरेको हो खुलाउने |
| | 2.1 यूरिया | | |
| | 2.2 डि.ए.पि | | |
| | 2.3 पोटास | | |
| | 2.4 अन्य | | |
| 3. | यस चौमासिकको बिक्री | | |
| | 3.1 यूरिया | | |
| | 3.2 डि.ए.पि | | |

| | | | |
|---|---|---|---|
| | 3.3 पोटास | | |
| | 3.4 अन्य | | |
| 4. | मौजात | | |
| | 4.1 यूरिया | | |
| | 4.2 डि.ए.पि | | |
| | 4.3 पोटास | | |
| | 4.4 अन्य | | |
| 5. | बिक्री मूल्य | | |
| | 5.1 यूरिया | | |
| | 5.2 डि.ए.पि | | |
| | 5.3 पोटास | | |
| | 5.4 अन्य | | |

पेश गर्नेको नाम र दस्तखत:

## अनुसूची - ५
## दफा ७ (१) सँग सम्बन्धित

रासायनिक मल बिक्रेताहरुले नविकरणको लागि पेश गर्नुपर्ने निवेदन र विवरणको ढाँचा

मितिः...............

श्रीमान् प्रमुखज्यू,

**बिषयः नविकरण गरी पाउँ ।**

मैले/मेरो फर्म/संस्थाले हाल यस गाउँपालिकामा रासायनिक मल बिक्रेताको रुपमा त्यस कार्यालयमा मितिः............ मा दर्ता भई कारोबार गर्दै आएको हुँदा संलग्न विवरणहरू सहित नविकरणको लागि अनुरोध गर्दछु ।

निवेदक,
नामः
सहिः

रासयनिक मल बिक्रेताको नविकरणका लागि पेश गर्नु पर्ने विवरण

१. फर्म वा संस्थाको नामः

२. स्थापना मितिः

३. प्रोपाईटर वा प्रमुख व्यक्तिको नाम (अध्यक्ष, प्रबन्धक आदि)

४. नागरिकता व्यक्तिको हकमा

५. संस्था रहेको ठाउँको ठेगानाः जिल्ला, गाउँपलिका वा टोलको नाम, वडा नः

६. संस्थाको किसिम (चिन्ह लगाउने): निजि/साझेदारी/अर्धसरकारी/सरकारी

७. रासायनिक मल बिक्री वितरण शुरु गरेको बर्ष/मिति

८. यस अघि कुनै सरकारी निकायमा पहिले रजिष्ट्रेशन (दर्ता) गराएको भए, त्यसको,
   क) दर्ता मितिः
   ख) दर्ता गर्ने कार्यालयको नामः
   ग) दर्ता नम्बरः

घ) कारोबारको किसिमः

९. गोदाम व्यवस्थाः भए/नभएको

१०. हाल बिक्री वितरण गर्ने गरेको रासायनिक मलहरुको नाम (चिन्ह लगाउने)

(क) यूरिया

(ख) डि.ए.पी.

(ग) पोटास

(घ) एमोनियम सल्फेट

(ङ) अन्य कुनै भए त्यस्को नाम दिने

११. हाल रासायनिक मलहरु कहाँबाट र कोबाट खरिद गरी ल्याउने गर्नु भएको छः

नाम र ठेगानाः

निवेदकको नामः

दस्तखतः

आज्ञाले,

कुमान सिंह गुरुङ

प्रमुख प्रशासकीय अधिकृत

मूल्यः रु. २५।-

प्रकाशकः

माछापुच्छ्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लाहाचोक, कास्की